Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/19**

**2019**

# NEPALI

## ( Modern Indian Language )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेख : 1×10=10

(क) ''यो अयोध्यावाटिकाको रघुवंशवृक्षमा इज्जत फुल्ने मौका छ लडौं।''

माथिको कथन कुन कथामा पाइन्छ?

*(i)* 'शत्रु'

*(ii)* 'कैकेयी'

*(iii)* 'परालको आगो'

*(iv)* 'लोग्ने'

(ख) ‘‘चामे मोराको बाँझो होस्।’’

माथिको वाक्य कसले भनेको हो?

*(i)* कोकलेकी आमा

*(ii)* चामेकी सासु

*(iii)* जुठेकी स्वास्नी

*(iv)* गौंथलीकी आमा

(ग) ‘‘म फेरिएको छु कि दुब्लाएको छु, लौ भन्नोस् त?’’

यस वाक्यमा फेरिएको र दुब्लाएको मान्छे को हो?

*(i)* कृष्णराय

*(ii)* चामे

*(iii)* चतुरे

*(iv)* जुठे

(घ) पश्चिममा काली नदीदेखि पूर्वमा मेची नदीसम्मका आदिवासीहरू को हुन्?

*(i)* खसहरू

*(ii)* नेवारीहरू

*(iii)* गोर्खालीहरू

*(iv)* तुरानियनहरू

(ङ) ‘‘गोजीमा हात हालेर बेसरी सुसेल्छ।’’ यस वाक्यमा सुसेल्ने मान्छे को हो?

*(i)* आधुनिक शिक्षक

*(ii)* चतुरे

*(iii)* चामे

*(iv)* कृष्णराय

(च) इन्दिराले कुन किताब पढ्ने गर्छे?

*(i)* ‘महाभारत’

*(ii)* ‘रामायण’

*(iii)* ‘मुना-मदन’

*(iv)* ‘मुकुन्द-इन्दिरा’

(छ) ‘‘यसको कान अलि बाक्लो छ।’’ कान बाक्लो हुने मान्छे को हो?

*(i)* पुनाचा

*(ii)* भवदेव

*(iii)* विमान

*(iv)* मुकुन्द

(ज) ‘‘म उनकै दाज्यू-भाई घरको एक दुई संचार लिएर आएको।’’ यो वाक्य कसले भनेको हो?

*(i)* रूपनारायण

*(ii)* पुनाचा

*(iii)* भवदेव

*(iv)* विमान

(झ) ‘मुना-मदन’ कुन छन्दमा लेखिएको छ?

*(i)* अनुष्टुप

*(ii)* झ्याउरे

*(iii)* सवाई

*(iv)* तोटक

(ञ) 'मुना-मदन' के हो?

*(i)* महाकाव्य

*(ii)* खण्डकाव्य

*(iii)* गीतिकाव्य

*(iv)* कोषकाव्य

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर वाक्य पूरा गर : 1×5=5

(क) हामी घरको धेरै ______ बोकेर आएका छौं। (कोसेली/खबर)

(ख) हे मेरा ______! मुटुको गाँठो झन् कसी नबोल। (राम/कृष्ण)

(ग) आधुनिक ______ लाई समाजले फुर्सत लिन दिँदैन। (मान्छे/शिक्षक)

(घ) खेती कमाइको बेला छ ______, छोरी पठाइदिनु पर्‍यो। (सासू/ससुरा)

(ङ) हाम्रा ______ बडा कृतज्ञ छन्। (गोर्खाली/नेपाली)

**3.** तलका वाक्यमा भनिएका कुरा सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) गाउँलेहरूमा झगडा पर्‍यो भने कृष्णराय मध्यस्थ हुन्थे।

(ख) हरिवंशमा तुरानियनहरूको उल्लेख गरिएको छ।

(ग) भोटेले भन्छ, मौकाले पायो त्यो गुन लाउन।

(घ) मुकुन्दले बी० ए० पास गरेर एम० ए० पढ्छ।

(ङ) 'मुकुन्द-इन्दिरा' नाटक एउटा राम्रो सामाजिक नाटक हो।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका प्रश्नको *4/5* वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 3×5=15

(क) रूपनारायण श्रेष्ठ किन रोगाउँदै जान्छन्?

(ख) गुन्द्रुकले प्रभुसँग कस्तो गुनासो गरेको छ?

(ग) नैनी को हो? ऊ किन मुनाकहाँ जान्छे?

(घ) खसहरूको उल्लेख कहाँ-कहाँ पाइन्छ?

(ङ) ''चतुरेले साहिंलीलाई भिनाज्यू कत्तिको मन पर्छ'' भनेर सोध्दा उसले कस्तो उत्तर दिन्छे?

(च) एक रात कृष्णराय सुत्ने प्रयास गरेको बेला के भयो?

(छ) मदनलाई भोटेले किन आफ्नो घर लैजान्छ?

**5.** (क) लिङ्ग परिवर्तन गर : 2

भाले ; नर ; गुरु ; देवी।

(ख) वचन बदल : 2

छात्र ; विद्वान ; देव ; गायक।

(ग) विपरीत शब्द बनाऊ : 2

दिन ; पिरो ; लेख्छ ; मलिलो।

(घ) धातु र प्रत्यय छुट्टाऊ : 2

डुलाऊ ; घुमाउरो ; बोलाहट ; लेखोट।

(ङ) उपसर्ग छुट्टाऊ : 2

अपशब्द ; अनुकरण ; विज्ञान ; अभिनय।

(च) उखानको अर्थ लेख : 1×3=3

*(i)* नाच्न जान्दैन आँगन टेढो।

*(ii)* छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेंढी।

*(iii)* बाहिर रूमाले भित्र गुन्द्रुक उमाले।

(छ) वाक्य बनाऊ : 2

*(i)* कानमा तेल हाल्नु

*(ii)* ओरालो लाग्नु

## ( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर : 5+5=10

(क) हो... हेर भाइ, म साँच्ची भन्छु, फेरि अरूलाई त नभन नि। सत्र सत्र वर्षसम्म कसैले मांग्न नआउँदा त सत्ते जोरीपारीको लाज लाग्ने भइसकेको थियो।

**अथवा**

नेपाली भाषा खस-ब्राह्मणको मात्र भाषा होइनरहेछ, नेपाली भाषा मध्य-भारतबाट नेपाल पस्ने कनौजी ब्राह्मणहरूका सन्तानको मात्र पनि होइनरहेछ—नेपाली भाषा एक मुट्ठी राजपुत सन्तानको मात्र पनि होइन रहेछ।

(ख) ओहो, मित्रहरू! हाम्रो चीसो फूल हिमालयका चीसै रहे भला हुन्थ्यो, किन व्यर्थै तताउने कष्ट गर्नुभयो ल्याई।

**अथवा**

गुलाब मीठो जरामा बन्छ कीराको आहार।
शहरभित्र फुलेको फूल दुष्टको शिकार॥

**7.** चामे ससुराली किन जान्छ? ससुरालीमा उसले के-के कुरा सोच्छ? 5

**अथवा**

'कैकेयी' कथामा देवता र दानवबीच भएको युद्धको वर्णनलाई आफ्नै भाषामा लेख।

**8.** आधुनिक शिक्षक को हो? आधुनिक शिक्षकका के-कस्ता विशेषता छन्? लेख। 5

**अथवा**

''खस कुराको उन्नत रूप अहिलेको नेपाली भाषा हो'' भन्ने विषयलाई स्पष्ट पार।

**9.** भवदेव र रूपनारायण श्रेष्ठबीच के-कस्ता कुराकानीहरू भए? बुझाएर लेख। 5

**अथवा**

भवदेवको चरित्र चित्रण गर।

**10.** मदन को हो? ऊ किन भोट जान्छ? 5

**अथवा**

मुनाको चरित्र चित्रण गर।

**11.** कलकत्तामा बस्ने साथीलाई त्यहाँको सरसफाइ कस्तो छ भन्ने जानकारी लिंदै एउटा पत्र लेख। 5

**12.** कुनै **एउटा** विषयमा निबन्ध लेख : 10

(क) रमाइलो दिन

(ख) स्वास्थ्य नै धन हो

(ग) बेकारी समस्या

(घ) मातृभूमि

(ङ) मातृभाषा

**13.** शीर्षक दिँदै सार-सङ्क्षेप लेख : 5

जीवन सङ्घर्ष हो। जीवनमा खोजेका र चाहेका वस्तुहरू पाउने हो भने निरन्तर सङ्घर्ष गर्नुपर्छ। कामको सफलताको बाटोमा आइलागेका बाधाहरू एकपटकको प्रयासले नछुट्न पनि सक्छन्, काममा असफल पनि हुनसक्छ तर असफल हुनासाथ त्यसलाई छोडिहाल्नु ठीक होइन। अङ्ग्रेजीमा एउटा कथन छ—''असफलता नै सफलताको खाँबो हो।'' काम गर्दा असफल भए तापनि त्यो काम व्यर्थ जाँदैन। निरन्तरको कोशिशले कामको अनुभव बढ्दै जान्छ। यसरी अनुभव भएपछि अघि कोशिश गरेको काम अझ सजिलो हुन्छ। कोशिश गरिरहे एक न एक पल्ट त्यस काममा सफलता पाइन्छ। असफल हुनासाथ हताश, निराश हुनुहुँदैन। सोह्रौं पटक असफल भएर पनि सर रोबर्ट ब्रुसले सफलता पाएका थिए।

★★★